# मेरो प्रतिबद्धता

हाम्रो नगरमा
पहिले हामी गरौं !

अरूले पछि गर्लान्
अहिले हामी गरौं !

आजसम्म दलले गरे !
अब बदल्नेले गरौं !

**बालेन**
स्वतन्त्र तर्फका मेयर उम्मेदवार
का.म..न.पा



1. **शिक्षा**

- काठमाडौं महानगरपालिकाका सामुदायिक विद्यालयको पूर्वाधार, गुणस्तर र वातावरणमा सुधार गर्ने र प्राविधिक शिक्षामा जोड दिने।
- इतिहास, योग, आयुर्वेद जस्ता पौराणिक शिक्षा सँगसगै विश्वस्तरमा जोड्न सकिने खालका उच्चस्तरीय प्रविधिसहितका कक्षा १ देखि ८ सम्मको पाठ्यक्रम परिमार्जन गर्ने ।
- हप्तामा एक दिन सामुदायिक विद्यालयमा सीप, उद्यमशीलता, खेलकुद, संगीत, कला तथा नेतृत्व विकासका लागि प्रशिक्षण कार्यक्रमको व्वव‍स्था गरीने छ।
- निजी विद्यालय मासिक शुल्क बमोजिम  गुणस्तरीय शिक्षा छ वा छैन अडिट गरिने छ ।
- अन्तर्राष्ट्रिय विद्यालयहरूलाई राष्ट्रिय विद्यालयहरूसँग सहकार्य गरिने र संस्कृति, जीवनशैली, शिक्षा प्रणाली आदिको आदानप्रदान गर्न भगिनी सम्बन्ध सुरु गरिने ।
- प्रारम्भिक बाल्यकाल शिक्षा देखि सूचना प्रविधि शिक्षाको परिचय दिने गरि पाठ्यक्रम विकास गरीने ।

2. **स्वास्थ्य**

- प्रत्येक वडामा योग्य चिकित्सक, नर्सिङ प्रोफेसनल, फार्मासिस्ट र नियमित स्वास्थ्य जाँचका लागि डायग्नोस्टिक ल्याब सहितको स्वास्थ्य क्लिनिक सुरुवात गरिनेछ ।
- हाल भैरहेका  अस्पतालहरूको पूर्वाधारमा गुणस्तरीय सुधार,उचित सेवा-सुविधा उपलब्ध गराउने, स्वस्थ वातावरणसहितको सरसफाइ तथा विद्यमान स्वास्थ्यकर्मीहरूको सेवा सुबिधामा वृद्धि<br>गराइने छ ।
- मधुमेह र रक्तचाप जस्ता दीर्घकालीन रोगहरूको लागि दिगो नियन्त्रण उपायको रूपमा जगिङ् तथा व्यायाम गर्ने पार्कहरू निर्माण गरिनेछ ।
- काठमाडौं महानगरपालिकाको स्वामित्वमा पुर्ण सुविधायुक्त एम्बुलेन्स सेवाहरू सुचारु गरिने  र  सेवाहरु कल सेन्टरबाट सञ्चालन गरिनेछ।
- ७० वर्ष माथिका बृद्द बृद्दाको निशुल्क स्वास्थ्य परिक्षण घरघरमै गरीने छ।
- स्वास्थ्य सेवा कार्डको प्रावधान गरिने छ ।जसमा सबै निजी तथा सार्वजनिक अस्पतालहरूका रेकर्डहरु राखिने छन ।

3. **पूर्वाधार**

- कल सेन्टर मार्फत संचालित  भौतिक पुर्वाधार एम्बुलेन्स द्वारा सडक , ढल जस्ता पुर्वाधार को मर्मत सम्बार गरिने छ ।
- सांस्कृतिक महत्वका सम्पदा क्षेत्रका लागि उपभोक्ता समिति मार्फत निर्माण तथा पुनर्निर्माणका कार्य  गरिने छ ।
- सांस्कृतिक दृष्टिले महत्वपूर्ण स्थानको पुनर्निर्माणका लागि दक्ष जनशक्तिका लागि भक्तपुरसँग सहकार्य गरिने छ ।
- सबै वडा र टोल स्तरमा सार्वजनिक शौचालय स्थापना गरिनेछ ।
- बस स्टपहरूमा फल्चा स्थापना गरिनेछ ।
- फायर ब्रिगेड पुग्न नसक्ने साँघुरो गल्लीहरूमा ओभर हेड ट्याङ्की र फायर हाइड्रन्टहरू स्थापना गरिने छ ।

4. **यातायात र यातायात व्यवस्थापन**

- सवारी साधनको मात्रा र आवतजावतलाई संघ संस्था तथा कार्यालयको  प्रकृतिको आधारमा वर्गिकरण गरेर कार्यालय समयको विभाजन गरिनेछ ।
- सार्वजनिक तथा महाँनगरिय  यातायातलाई एउटै छाता संगठन अन्तर्गत ल्याएर  शतप्रतिशत  विद्युतीय सार्वजनिक यातायातको थालनी गरिने छ ।
- सवारी साधनको स्थान ट्र्याक गर्न सबै स्थानीय यातायातमा GPS जडान गरिने छ ।
- सुरक्षाका लागि  सबै सार्वजनिक यातायातमा सिसिटिभी जडान अनिवार्य गरिने छ ।
- काठमाडौं महानगरपालिका भित्रका केही भवनहरू भाडामा लिएर बहु-तले पार्किङमा परिणत गरिने छ ।
- उपभोग अवधि वा समय अनुसार खुला ठाउँहरूमा फुटपाथ व्यवसायको समय तालिका निर्धारण गरिने छ ।
- काठमाडौं महानगरपालिका को आफ्नै ट्याक्सी एप संचालन गरिने छ ।

- सार्वजनिक  यातायात एप र मासिक प्रिपेड कार्डको सुरुवात गरिने छ जसले जुन सुकै यातायातमा महिना भरी जुन सुकै रूटमा जान सकिने छ ।

5. **पानी व्यवस्थापन**

- सरकारी कार्यालयहरुमा  स-साना जमिन पुनर्भरण   पोखरी हरु निर्माण गरिने छ ।
- बोरिङ्ग प्रणाली भएका सबै घरहरूमा जमिन पुनर्भरण का निम्ती रिभर्स बोरिङ्ग  अनिवार्य गरिने छ ।
- सबै ढुंगेधारा / हिटी पुन: जाग्रित गराउन का  लागी पुराना स्रोतहरु लाई पुनर्जीवित गराइने  छ ।
- स्थानीय नदीहरू नजिक ढल प्रशोधन प्लान्ट स्थापना गरिने छ ।
- इनार, बोरिङ्ग र नदीको पानीको सतह माथि ल्याउनका  निम्ती बर्खाको पानी संचय गर्ने व्यवस्था गरिने छ ।
- मेलम्ची खानेपानिको  सबै तहमा अनुगमन र सहकार्य गरिने छ ।

6. **महिला तथा  बालबालिका**

- हेल्पलाइन कल सेन्टरहरू मार्फत महिला र बालबालिकाका लागि घरेलु हिंसा मुक्त सुरक्षित बातावरणको व्यवस्थापन गरिने छ ।
- सरकारी बिद्यालयहरुमा निःशुल्क सेनेटरी प्याड उपलब्ध गराइने छ ।
- सार्वजनिक शौचालय, सरकारी कार्यालय र सार्वजनिक स्थानहरूमा स्तनपान, शिशु नर्सिंग कोठाको व्यवस्था गरिने छ ।
- सचेतना र वकालत कार्यक्रमहरूको सन्दर्भमा महिनावारी सम्बन्धी बिशेष चेतना का कार्यक्रम हरु ल्याइने छ ।
- वडा तहमा स्तन क्यान्सर, पाठेघरको क्यान्सरको स्क्रिनिङ्ग गरिने छ ।
- वडा स्तरीय अभियानहरुमा प्रजनन स्वास्थ्य सचेतनाका कार्यक्रामहरु ल्याइने छ ।

7. **पर्यटन**

- पर्यटन लाई स्थानिय वासिन्दाको जीवनचर्या सँग जोड्ने कार्यक्रम हरु ल्याइने छ ।
- पर्यटनलाई जात्रा, संस्कृति र सम्पदा क्षेत्रसँग जोडेर सरकारी तहबाट प्रवर्द्धन गरिने छ  ।
- होमस्टे संचालन गर्न का निम्ती स्थानिय वासिन्दा लाई उपत्यकाको मौलिक खानपिन ,रहन सहन, पर्यटक सुचना र यहाँको बिशेषताको बारेमा तालिम दिइ संचालन गर्न दिइने छ ।
- अन्तर्राष्ट्रिय चलचित्र, संगीत, कला र अन्य मनोरञ्जन विधिहरूको रूपमा काठमाडौंको ब्रान्डिङ गरिने छ ।
- अन्तर्राष्ट्रिय मनोरञ्जन क्षेत्र जसले हाम्रो संस्कृतिलाई कुनै पनि रूपमा प्रवर्द्धन गर्न सक्छ भने, उनिहरुलाई अनुदान प्रदान गरिने छ ।
- काठमाडौका हरेक ठाउँ र कुनाबाट सबै जात्राहरु निकाल्न र यसको प्रवर्द्धन गर्न प्रोत्साहन गरिने छ ।
- स्थानीय व्यञ्जनहरुको ब्रान्डिङ गरिने छ।
- नेवा: समुदायमा प्रचलित स्थानिय पेय पदार्थ को अन्तरराष्ट्रिय ब्रान्डिङ गरिने छ ।

8. **प्रदूषण नियन्त्रण**

- पूर्वाधार एम्बुलेन्सको सहायताले प्रदूषणको मूल कारणको समाधान गरिने छ ।
- खाल्डाखुल्डी, ढल निकास र अन्य प्रदूषण उत्सर्जन गर्ने क्षेत्रहरूको द्रुत मर्मत सम्हार र  व्यवस्थापन गरिने छ ।
- धूलो र अन्य प्रदूषण उत्पन्न गर्ने निर्माण स्थलहरूको आइसोलेसन गरिने छ ।
- उपत्यका प्रवेश बिन्दुमा ठूला सवारी साधन धुने केन्द्र सञ्चालन  गरिने जसले गर्दा र दैनिक २०० मेट्रिक टन धुलो काठमाडौं महानगरपालिका भित्र पस्न पाउने छैन ।

9. **फोहोर व्यवस्थापन**

- अर्गानिक, प्लास्टिक र सिसाजन्य  फोहोर लाई छुट्टा छुट्टै संकलन गरिने छ ।
- काठमाडौं महानगरकै  नजिकै इन्सिनरेटर जडान
- गरि उच्चस्तरिय प्रविधिले फोहोर व्यवस्थापन गरिने छ ।
- अर्गानिक फोहोरलाई प्राङ्गारिक मलमा परिणत गरी नजिकको कृषि प्रधान जिल्लाहरुमा बिक्री गरिने छ ।
- काठमाडौ महानगरपालिका भित्रको  सडकमा कालोपत्र गर्दा प्लाष्टिकजन्य फोहोरसँग आस्फल्ट  मिसाएर गरिने छ ।

- कारखाना वा औधोगिक  फोहोरको परिवर्तनीय क्षमता अनुसार व्यवस्थापन गरिने छ ।

**10. संस्कृति**

- जात्रा, चाडपर्व लगायतका साँस्कृतिक कार्यक्रममा सहभागी हुन प्रोत्साहन गरी काठमाडौं महानगरपालिकाको स्थानीय संस्कृति प्रवर्द्धन गरिने छ ।
- अन्तर्राष्ट्रिय स्तरमा कुकुर तिहार र म्ह पूजाको ब्रान्डिङ गरिने छ ।
- स्थानीय गुठी, बाजा खल, मन्दिर, बिहार, गुम्बा, बहाल र अन्य स्थानीय आदिवासी उपसमूहहरूलाई संस्क्रिति प्रवर्धनका लागि अनुदान प्रदान गरिने छ ।

**11.  सम्पदा**

- अधिकार सम्पन्न सम्पदा सम्रक्षण अयोग गठन गरिने छ ।
- साँस्कृतिक सम्पदा स्थल वरिपरि घरहरुको जीर्णोद्धार र पुनर्स्थापना गरी  आफ्नो शैली अनुसार मुहार फेरिनेछ ।
- पुराना मन्दिर, स्तूप, गुम्बालाई पुराना वैज्ञानिक प्रविधिहरू जस्तै लिच्छवी वा मल्ल कालअनुसार पुनर्निर्माण गरिने छ ।
- नेवा छेःको प्रवर्द्धनका निम्ती  इन्जिनियरिङ र आर्किटेक्चर पाठ्यक्रमहरूमा त्यस शैलीको विज्ञानलाई जोड  दिइने छ ।

**12. कृषि**

- अर्गानिक फोहोरको रूपान्तरणबाट नजिकको कृषि प्रदान  नगरपालिकाहरूमा जैविक मल उपलब्ध गराइने छ ।
- तरकारी उत्पादन गर्न र काठमाडौंको ८० लाख जनसङ्ख्यालाई उपभोग गराउन देशभरी रहेका कृषियोग्य खाली  जग्गाहरु  भाडामा लिइ फलफूल तथा तरकारी खेती गरिने छ ।
- त्यस्ता गाउपालिका तथा नगरपालिका हरुमा  बीउ उपलब्ध गराइ  कृषि उत्पादन तथा रोजगारी को सृजना गरिने छ । उत्पादन भएका फलफूल तथा तरकारी को लागि कोल्ड स्टोर निर्माण गरिने छ ।
- शैक्षिक पृष्ठभूमि नभएता पनि युवाहरु लाई कृषि तालिम र काठमाडौं महानगरपालिकाले  भाडामा लिएको जग्गामा रोजगारी दिइने छ ।

**13. खेलकुद**

- वडा तहमा खेलकुद मैदान र खेलकुद केन्द्र निर्माण गरिने छ ।
- खेलकुद र युवा सशक्तिकरणको प्रवर्द्धन गर्न बैंकहरूसँग उनीहरूको संस्थागत सामाजिक उत्तरदायित्व समावेश गर्न सहकार्य गरिने छ ।
- स्थानीय खेलाडीहरूलाई विद्यालयदेखि वडा तहमा तालिम दिन राष्ट्रिय खेलाडीहरूलाई तलब स्केल उपलब्ध गराइने छ ।
- अन्तर्राष्ट्रिय खेलकुद क्लबहरूसँगको सहकार्यमा युवा लिगहरू आयोजना गरिने छ ।
- पर्यटन र अर्थशास्त्रलाई प्रत्यक्ष प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय ई-स्पोर्ट्स खेलाडीहरूलाई आकर्षित गर्न अन्तर्राष्ट्रिय स्तरमा ई-स्पोर्ट्स प्रतियोगिता आयोजना गरिने छ ।

**14. खुला ठाउँ र हरियाली**

- नक्साङ्कित ४२ देखि ४५ खुला ठाउँहरूलाई तिनीहरूको आकार अनुसार पार्क, खेलकुद मैदान, व्यायाम र दौड गर्ने ठाउँमा रूपान्तरण गरिने छ ।
- शारीरिक तन्दुरुस्ती, मानसिक सतर्कता र भावनात्मक रूपमा स्थिरता कायम राख्न क्यालिस्थेनिक पार्कहरूको निर्माण गरिने छ ।
- सन्ध्याकालिन खेलकुद प्रवर्द्धन गर्न खुला ठाउँहरूमा फ्लड लाइट जडान गरिने छ ।
- पानी रिचार्जको लागि खुला ठाउँहरू प्रयोग गरिने छ ।
- सडकको हरियाली सुधार गर्न फुटपाथ तथा सडक मध्य पट्टी वृक्षरोपण गरिने छ ।
- विद्यालय, अस्पताल, सरकारी कार्यालय, मल र मनोरञ्जन पार्क जस्ता सार्वजनिक स्थानमा हरियाली क्षेत्र तोकेर हरियाली प्रवर्द्धन गरिने छ ।
- एक घर एक रूख अभियान सुचारु गरिने छ ।
- नदी कोरिडोरमा वृक्षरोपण गरिने छ ।

**15. डिजिटल सरकार**

- सबै वडा र नगरपालिका स्तरहरूमा अनलाइन भुक्तानी प्रणाली सुरुवात गरिने छ ।
- जन्मदर्ता प्रमाणपत्र, मृत्युदर्ता प्रमाणपत्र, विवाहदर्ता प्रमाणपत्र जस्ता फारमहरूको लागि सबै अनलाइन आवेदन भर्न प्रावदान् मिलाइने छ ।
- जग्गा कर, घर कर, भाडा कर, कम्पनी कर आदिका लागि अनलाइन सेवाहरू सुरु गरिनेछ ।
- सूचनाको हकको लागि डिजिटल पारदर्शिता अपनाइने छ।
- डिजिटल माध्यमबाट खरिद, टेन्डर प्रक्रिया र बजेटको परदर्शिता गराइने छ ।
- कार्यपालिकाको महत्वपूर्ण बैठक र निर्णयहरू प्रत्यक्ष प्रशारण गरिने छ ।

**16. होम डेलिभरी सरकार**

- जन्मदर्ता प्रमाणपत्र, मृत्युदर्ता प्रमाणपत्र, विवाहदर्ता प्रमाणपत्र तथा अन्य कागजातहरूको होम डेलिभरी गरिने छ ।
- वृद्ध भत्ताको होम डेलिभरी गरिने छ ।
- होम डेलिभरीका लागि रोजगारी सृजना गरिने छ ।

**17. आइडिया बैंक**

- अदक्ष जनशक्ति, दक्ष जनशक्ति, लगानीकर्ता र उद्यमशीलता विशेषज्ञहरूको तथ्याङ्क सङ्कलन गरी रोजगारी र उद्यमशीलताका अवसरहरू उपलब्ध गराउन सहकार्य गरिने छ।
- सिड मनि र तालिम प्रदान गरी स्थानीय उत्पादन, साना तथा मझौला घरेलु उद्योग, हस्तकलाको प्रवद्र्धन गरि बजार प्रदान गरिने छ।
- प्रत्येक मार्टमा स्थानीय उत्पादनहरूका लागि २०% ठाउँको विनियोजन गरिने छ।
- युवाहरूलाई उनीहरूको व्यक्तिगत करियर मार्ग पत्ता लगाउन मद्दत गर्न करियर परामर्श र कोचिङ उपलब्धता गराइने छ ।

**18. दक्ष उद्यमशीलता र इनोभेसन केन्द्र**

- स्थानीय जनताको सीप, प्रविधि सुधार गर्न राष्ट्रिय आविष्कार केन्द्रसँग सहकार्य गरिने छ ।
- सीप र उद्यमशीलता प्रशिक्षण दिइनेछ ।
- काठमाडौं महानगरका समस्या समाधान गर्न राष्ट्रिय आविष्कार केन्द्रलाई अनुदान दिइने छ ।
- काठमाडौं महानगरपालिकामा आविष्कार केन्द्रका शाखाहरू सञ्चालनमा ल्याइने छन ।
- प्रारम्भिक चरणमा उद्यमशीलता मानसिकता सुरुवात गराउन इनोभेसन केन्द्रसँग स्थानीय विद्यालयहरूलाई सहकार्य गराइने छ ।

**19. नेपाल भाषा, रञ्जना लिपि र नेपाल संवतको प्रवद्र्धन**

- स्थानीय भाषा र संस्कृतिको प्रवर्द्धन गर्न स्थानीय एनिमेसन, चलचित्रहरू र स्थानीय पात्रहरूको परिचय गराइने छ ।
- कक्षा १ देखि ८ सम्मको पाठ्यक्रम पुस्तकमा नेपाल भाषा, रञ्जना लिपि र नेपाल संवतको परिचय राखिने छ ।

**20. ग्रेटर नेपा: भ्याली कॉस्मोपलिटन**

- काठमाडौं महानगरपालिका वरपरका सबै नगरपालिकालाई एउटै चिनारी नेपा:उपत्यकाका रूपमा प्रवर्द्धन गर्न अन्य सबै नगरपालिकासँग सहकार्य गरिने छ ।
- सडक, ढुवानी, फोहोर व्यवस्थापन करिडोर र नदीको सन्दर्भमा सहकार्य सुधार गरिने छ ।

**21. प्रशासन र व्यवस्थापन**

- सबै सरकारी कार्यालयमा CCTV जडान गरिने छ ।
- सरकारी कार्यालयमा बिहानको सिफ्ट सुचारु गरिने छ ।
- सरकारी कार्यालयहरूमा प्रभावकारी सेवा डेस्क दिइनेछ ।
- काठमाडौं महानगरपालिकाको मेयर कार्यालयको प्रत्यक्ष नियन्त्रणमा प्रभावकारी गुनासो बाकस राखिने छ ।
- स्थानीय सरकारलाई स्थानीय जनता र स्थानीय निकायसँग प्रत्यक्ष जोडीनेछ ।
- सरकारी प्रक्रियाको अनुगमन र फिल्टर गर्न स्थानीय जनतासँग मेयरको मासिक वडा बैठक गराइने छ ।

**22. भ्रष्टाचार विरोधी ब्यूरो**

- काठमाडौं महानगरभित्र भ्रष्टाचार विरुद्धको विशेष फोर्स सबै निजी, सार्वजनिक र सरकारी क्षेत्रका लागि तयार पारीने छ ।
- भ्रष्टाचार विरोधी साइबर ब्यूरो, अनुसन्धान बिभाग, अख्तियार दुरुपयोग अनुसन्धन आयोग संग सहकार्य गरिने छ ।
- मेयर कार्यालयसँग सिधै जोडिएका सबै सरकारी कार्यालयहरूमा गुनासो बाकस राखिने छ ।

**23. मेट्रो साइबर ब्यूरो**

- साइबर अपराध नियन्त्रण र मानसिक स्वास्थ्य समस्याहरूको नियमनका लागि आफ्नै साइबर ब्यूरो कल सेन्टरद्वारा नियमन गरिने छ।
- वकालतका विभिन्न तहहरूमा स्थानीय जनताहरू बीच डिजिटल साक्षरताको प्रवर्धन् गरिनेछ ।

**24. कल केन्द्र**

- स्वास्थ्य एम्बुलेन्स, पूर्वाधार एम्बुलेन्स, पशु एम्बुलेन्स, फायर ब्रिगेड र विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सहित कल सेन्टर सञ्चालन गरिने छ ।
- कल केन्द्रहरू मार्फत प्रकोप चेतावनी अलार्महरूको जडान गरिने छ ।
- मानसिक स्वास्थ्य समस्याहरू र तुरुन्त परामर्शको साथ मानिसहरूमा आत्महत्या गर्ने प्रवृत्तिहरूको सुधार गरिने छ ।
- पुनर्वास केन्द्रहरूलाई कल सेन्टरहरूसँग जोडीने छ ।
- घरेलु हिंसा उत्पीडन र बाल दुर्व्यवहार संचार को स्थापना गरिने छ ।
- 

**25. प्रकोप जोखिम व्यवस्थापन**

- नियमित र अनिवार्य विपद् सचेतना र उद्धार अभ्यास गरिने छ ।
- जुद्ध बारुण यन्त्र र अन्य उद्धार अपरेटरहरू अपग्रेड गरिने छ ।
- अलार्म प्रणाली द्वारा सामूहिक प्रकोप संचार को स्थापना गरिने छ ।
- स्थानीय जनतालाई प्राथमिक उपचार तालिम दिइने छ ।

**26. स्वास्थ्य बिमा**

- करदातालाई कर रकम अनुसार स्वास्थ्य बीमा उपलब्ध गराइने छ ।
- बीमा सेवाहरूको लागि केन्द्रीय सरकार र अस्पतालसँग सहकार्य गरिने छ ।

**27. मानसिक स्वास्थ्य सहायता लाइन**

- कल सेन्टर नम्बरमा मानसिक स्वास्थ्य सहायता लाइन सुरु गरिने छ ।

**28. सुरक्षा**

- अपराध नियन्त्रण र निगरानीका लागि प्रारम्भिक चरणमा काठमाडौं महानगरपालिकामा १० हजार सिसिटिभी जडान गरिने छ ।
- सुरक्षा सुधारका लागि काठमाडौं महानगरपालिकाका नगरपालिका प्रहरीलाई तालिम, सुधार र उचित परिचालन गरिने छ ।
- काठमाडौं महानगरपालिका भित्रको नेपाल प्रहरीसँग कल सेन्टर मार्फत जोडिने र सुरक्षा समस्यामा सहकार्य गरिने छ ।
- नगरपालिका प्रहरीको संख्या बढाएर प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

धन्यवाद !!!

.